प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, संखुवासभा
प्रदेश नम्बर १

☏ ०२९-५६०४८७,५६०१३०
मोबाईल नं. ९८५२०५८४८७
ईमेलः akcsankhuwasabha@gmail.com


# प्रस्ताव आह्वान सम्बन्धि सूचना

(प्रथमपटक प्रकाशित सूचनाः मिति २०७८/०५/०२)

यस कार्यालयको चालु आ.व.२०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रमहरु तपसिल अनुसार रहेको हुंदा संखुवासभा जिल्लाका इच्छुक साझेदारहरुले **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि,२०७६ (पहिलो संशोधन, २०७७)** बमोजिमको सर्तहरु पालन गरी यो सूचना प्रकाशन भएको मितिले **३० दिन अर्थात् २०७८/०५/३१ गते कार्यालय समय** भित्र तोकिएको ढाँचामा यस कार्यालयमा आवेदन दर्ता गर्नहुन अनुरोध गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी आएका प्रस्तावहरु समावेश गरिने छैनन् ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, संखुवासभाको फोन नं.०२९-५६०१३० र मो.नं.९८४३०६०७३१ मा सम्पर्क राख्नुहुन वा मन्त्रालयको वेवसाईट **molmac.p1.gov.np** बाट **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि,२०७६ (पहिलो संशोधन, २०७७)** डाउनलोड गर्न सकिनेछ ।

तपसिल

| क.स. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति ईकाइ अधिकतम अनुदान (७५%) | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १. | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम (प्रति क्लष्टर ५० हेक्टर एक स्थानीय तह) | हेक्टर/क्लष्टर | १५०हे/क्लष्टर ३ | प्रति क्लष्टर बढीमा रु ५ लाख २५ हजार | कृषक समूह/कृषि सहकारी संस्था |
| २. | कागती खेती मिसन कार्यक्रम | संख्या | २ | बढीमा रु २ लाख ५० हजार | कृषि समूह/कृषि सहकारी/कृषि फर्म तथा उद्यमीहरु |
| ३. | व्यवसायिक फलफूल बगैचा स्थापना | संख्या | ६ | बढीमा रु ३ लाख | कृषि समूह/कृषि सहकारी/कृषि फर्म तथा उद्यमीहरु |
| ४. | बीउविजन आंत्मानिर्भर कार्यक्रम(तेश्रो वर्ष) | संख्या | २ | बढीमा रु १० लाख | आ.व.२०७७/०७८ मा सहभागी सहकारी संस्थाहरु |
| ५. | रैथने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम कोदो,फापर,जौ आदि) | संख्या | ३ | बढीमा रु १ लाख | कृषि समूह/कृषि सहकारी/कृषि फर्म तथा उद्यमीहरु |
| ६. | महिला,दलित,विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | संख्या | ५ | बढीमा रु १ लाख | महिला, दलित, विपन्न तथा पिछडिएका समुदायका कृषकहरु |
| ७. | युवा लक्षित च्याउ,मह,तरकारी उत्पादन कार्यक्रम | संख्या | २८ | बढीमा रु १ लाख | १८ देखि ५० वर्ष सम्मका विदेशबाट फर्केका वा विदेश जान लागेका स्थानिय बेरोजगार युवाहरु |
| ८. | एक पालिका एक नर्सरी स्थापना सहयोग | संख्या | ४ | बढीमा रु १ लाख ५० हजार | कृषि समूह/कृषि सहकारी/कृषि फर्म तथा उद्यमीहरु |
| ९. | कृषि वस्तु उत्पादन तथा प्रशोधन पुर्वाधार निर्माण सहयोग (उखु) | संख्या | ३ | बढीमा रु ३ लाख | उखुबाली लगाई सख्खर उत्पादन गर्ने कृषि समूह/कृषि सहकारी/कृषि फर्म तथा उद्यमीहरु |
| १०. | नमूना कृषि फर्म स्थापना सहयोग | संख्या | ६ | बढीमा रु ७ लाख | कृषि समूह/कृषि सहकारी/कृषि फर्म तथा उद्यमीहरु |
| ११. | आलु भण्डारणको लागि रष्टिक स्टोर निर्माण | संख्या | २ | बढीमा रु ५ लाख | कृषि समूह/कृषि सहकारी/कृषि फर्म तथा उद्यमीहरु |
| १२. | भकारो सुधार कार्यक्रम (प्रति क्लष्टर १५ वटा) | संख्या, क्लष्टर | २२५ सं, १५ क्लष्टर | बढीमा रु २ लाख २५ हजार प्रति क्लष्टर | कृषि समूह /कृषि सहकारी संस्था |

**आवश्यक कागजातहरु**

१. रु १०. को हुलाक टिकट टाँस गरिएको आवेदन प्रस्तावना,
२.संस्था/समूह दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. संस्था/समूह नवीकरणको प्रमाणपत्रको प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि,
४. PAN/VAT को प्रमाणित प्रतिलिपि,
५. नेपाली नागरिकताको प्रतिलिपि,
६. सहकारीको हकमा गत आ.व. २०७७/७८ को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि,
७. गत आ.व. २०७७/७८ को करचुक्ताको प्रतिलिपि,
८. स्थानीय तह कृषि शाखाको सिफारिस,
९.कार्यक्रम संचालन हुने जग्गाको लालपूर्जाको प्रतिलिपि वा लिजमा लिईएको भए न्यूनतम् १० वर्ष र व्यवसायिक फलफूल बगैंचाको हकमा १५ वर्षको करार सम्झौतापत्रको प्रतिलिपि,
१०.प्राविधिक ज्ञान वा अनुभव भए सोको प्रतिलिपि,
११.स्थानीय तहबाट साझेदारीमा नमूना कृषि फर्म संचालन हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र,
१२.आवेदकले दोहोरो नपर्नेगरी यस कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र,
१३.यहाँ उल्लेख भए बाहेकका कागजातको हकमा कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि,२०७६ (पहिलो संशोधन, २०७७) को सम्बन्धित कार्यक्रमा उल्लेख भए बमोजिमका थप कागजातहरु संलग्न राख्नुपर्नेछ ।

नि. प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, संखुवासभा
प्रदेश नम्बर १

☎ ०२९-५६०४८७,५६०१३०
मोबाईल नं. ९८५२०५८४८७
ईमेलः akcsankhuwasabha@gmail.com

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

(प्रथमपटक प्रकाशित सूचनाः मिति २०७८/०५/०२)

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, संखुवासभा अन्तर्गत निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/कृषि फर्म/सहकारी/जल/वन उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन अर्थात् (मिति २०७८/०५/३१ गते भित्र) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को अनुसूची १० अनुसारको ढाँचामा यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै परियोजना कार्यान्वयन म्यानुअल २०७७ https://pmamp.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ । यस विषयमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०२९-५६०१३० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| क.स. | कार्यक्रमको नाम | ईकाई | परिमाण | बाली/वस्तुको नाम | प्रति ईकाइ अधिकतम अनुदान *(परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम)* | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १. | नयाँ ब्लक विकास कार्यक्रम | संख्या | २ | तरकारी | बढीमा रु २५ लाख | जिल्लाभरका सम्भावित साझेदार संस्थाहरुले पेश गर्न सक्ने |
| २. | पुराना ब्लक विकास कार्यक्रमको निरन्तरता | संख्या | ९ | अलैंची -४,<br>सुन्तलाजात फलफूल - ३,<br>आलु -१,<br>अदुवा/बेसार- १ | बढीमा रु १३ लाख २० हजार | आ.व.२०७७/०७८ मा सहभागी भएका साझेदार संस्थाहरु |

**पेश गर्नुपर्ने कागजातहरु**

१) रु १०.को हुलाक टिकट टाँस गरि अनुसूची १० अनुसारको आवेदन/प्रस्तावना फारम,
२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
३) सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएका कृषि समूह/ कृषि फर्म/ सहकारी/ समितिको प्रमाणपत्रको प्रतिलिपि,
४) PAN/VAT को प्रमाणित प्रतिलिपि,
५) गत आ.व.२०७७/७८ को करचुक्ताको प्रमाणित प्रतिलिपि,
६) सम्बन्धित संस्थाको अघिल्लो आ.व.२०७७/७८ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
७) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा,
८) पुरानो ब्लकको हकमा गत आ.व. २०७७/७८ मा पेश गरेको बाहेक जग्गा थप गर्न चाहेमा सो जग्गाको धनीपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा भए कम्तिमा ५ वर्षको सम्झौतानामा,
९) पुरानो ब्लकको हकमा गत आ.व. २०७७/७८ मा संचालन भएका कार्यक्रमहरुको उपलब्धिहरु र प्रगति विवरण,
१०) नयाँ ब्लकको हकमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ मा तोकिएको सर्त तथा न्यूनतम क्षेत्रफल खुल्ने आवश्यक कागजातहरु संलग्न राख्नुपर्नेछ,
११) कार्यसमितिको निर्णय र अख्तियारीनामा,
१२) स्थानीय तह, कृषि शाखा र सम्बन्धित वडाको सिफारिस,
१३) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र पेश गर्नुपर्नेछ ।

गोविन्द प्रसाद आचार्य
नि. प्रमुख